निस्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

Email: info@ nisdimun.gov.np
nisdi2007@gmail.com
9857079210/9857079215

च.नं.:
प.सं.: २०८२/०८३

सूचना नं.१६ मितिः २०८२/०५/०४ गते

## भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी (३५) दिने सूचना ।

यस निस्दी गाउँपालिकामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीलाई आवाद कमोत गर्दै आएको स्थानमा व्यवस्था मिलाउने प्रयोजनका लागि, नेपाल सरकार भूमि समस्या समाधान आयोगको कार्यविधि तथा सम्झौता अनुसार आवेदन दिने म्याद तोकिएकोमा अझै पनि केहि व्यक्तिहरुको आवेदन छुट्न गएको पाईएको छ । त्यसैले गोरखापत्रमा प्रकाशित सूचना अनुसार ३५ दिनभित्र (मितिः- २०८२/०४/३० देखि २०८२/०६/०२ गते सम्म) सम्बन्धित व्यक्तिहरुले निस्दी गाउँपालिकाको सम्बन्धित वडाहरुमा फारम भरी पेश गर्नुहुन गोरखापत्रमा प्रकाशित सूचना समेत यसै साथ संलग्न गरी सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. परिवारमुली र परिवारमुलिको पति/पत्निको फोटो । (नोटः- अविवाहित र एकलको हकमा परिवारमुलिको मात्र)
२. परिवारमुलीको नेपाली नागरिकताको प्रतिलिपि साथै परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपी )।
३. माग गरेको जग्गामा कति वर्ष अघिबाट आवाद कमोत भई आएको हो भनि प्रमाणित गरिएको सम्बन्धित जग्गा भएको वडाको सिफारिस ।
४. आफू र परिवारका सदस्यका नाममा अन्यन्त्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानिय तहको पत्र (अव्यवस्थित बसोबासीको हकमा )।
५. उपभोगको प्रमाण सम्बन्धी कागजपत्र प्रमाण पत्रको प्रतिलिपि ।
६. विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि/मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि (मृत्यु भएमा) ।
७. विद्युत बिल / राष्ट्रिय परिचय पत्रको प्रतिलिपि / मतदाता परिचय पत्रको प्रतिलिपि ।
८. तिनपुस्ते नागरिकताको प्रमाणपत्र प्रतिलिपि (भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको हकमा )।

**नोटः- यो भन्दा अगाडी फारम भरिसक्नु भएका परिवारमुली र उक्त परिवारमुलिको पति/पत्नीले यो फारम भर्न मिल्ने छैन ।**

२०८२/५/४
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।